लालझाडी गाउँपालिकाको गाउँसभाको २० औं अधिवेशन २०८३ जेष्ठ २९ गते
शुक्रबार सभाअध्यक्ष श्री निर्मल रानाले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३/०८४ को
# नीति तथा कार्यक्रम

लालझाडी गाउँपालिका
शंकरपुर, कञ्चनपुर
२०८३ जेष्ठ

**www.laljhadimun.gov.np**

निर्मल राना
अध्यक्ष

## लालझाडी गाउँपालिका

## २० औं गाउँसभा अधिवेशन

## आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्यहरू,**

स्थानीय तह तथा सरकारको प्रमुखको हैसियतले लालझाडी गाउँपालिकाको गरिमामय बजेट अधिवेशन सभामा आफ्नो कार्यकालको पाँचौं वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले अत्यन्त गौरवान्वित महसुस गरेको छु। **"सन्तुलित विकास एवं दिगो पूर्वाधार, समृद्ध लालझाडीको आधार"** भन्ने मूल अभिप्रायलाई आत्मसात् गर्दै आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभासमक्ष प्रस्तुत गर्न पाउँदा म खुशी व्यक्त गर्दछु।

यस महत्वपूर्ण अवसरमा नेपाली जनतालाई अधिकार सम्पन्न बनाउँदै लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना, संरक्षण तथा सुदृढीकरणका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सम्पूर्ण शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

लालझाडी गाउँपालिकाको वस्तुगत अवस्था, स्थानीय आवश्यकता, सम्भावना र चुनौतीका साथै संघीय तथा प्रदेश सरकारका नीति, योजना र प्राथमिकतालाई आधार बनाई गाउँपालिकाको आर्थिक, सामाजिक रूपान्तरणका लागि सुशासन, विकास र सामाजिक न्यायलाई केन्द्रमा राखेर कार्य गर्दै आएका छौं। राष्ट्रिय आकांक्षा **"समृद्ध नेपाल, सुखी नेपाली"** को लक्ष्य हासिल गर्न गाउँपालिकाले आफ्ना नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आएको छ।

**गाउँसभाका सदस्यहरू**

लालझाडी गाउँपालिकाले विगत आर्थिक वर्षहरुमा भौतिक पूर्वाधार, स्वास्थ्य, शिक्षा, र कृषि लगायतका क्षेत्रमा हासिल गरेको केही महत्वपूर्ण उपलब्धिहरू यहाँ प्रस्तुत गर्दछु ।

१. संघीयता कार्यान्वयनको क्रममा दोस्रो स्थानीय तहको निर्वाचन, २०७९ पछि जननिर्वाचित भएर कार्यभार सम्हाली सकेपछि गाउँपालिकावासी नागरिकहरुको आर्थिक सामाजिक रूपान्तरणका लागि गाउँपालिकाको सम्पूर्ण जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरुले कुशल र दृढतापूर्वक आफ्नो जिम्मेवारी पुरा गर्दै आएका छन ।

२. गाउँपलिकाको प्रशासनिक भवन निर्माणका लागि जग्गा प्राप्ति गरी राष्ट्रिय स्तरको बोलपत्र आह्वान भै मूल्याङ्कन प्रकियाको अन्तिम चरणमा रहेको छ । ५ नं. वडा कार्यालयको भवन निर्माण कार्य सम्पन्न भै सेवा सुचारु भएको छ ।

३. भौतिक पूर्वाधार तथा यातायात सडक पूर्वाधार विकास निर्माणका कार्यलाई तीव्रता दिइएको छ । अधुरा आयोजनाहरूलाई तीव्रता दिँदै ठूला सडकखण्डहरूको कालोपत्रे, ग्राभेल, र मर्मत कार्य सम्पन्न गरिएको छ।

४. विश्व बैंकको आर्थिक सहयोग तथा भौतिक पूर्वाधार विकास मन्त्रालयको समन्वयमा PLRIP (Province and Local Road Improvement Programe) प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम अन्तरगत गाउँपालिकाको केन्द्र जोड्ने चानदेव देखि कंज सम्म १३.६ किलोमिटर सडक स्तरोन्नतीको कार्य तिब्र रुपमा भएको छ ।

५. सबै वडालाई सडक संजालमा कार्यपालिकाको केन्द्र जोड्ने लिङ्क सडकको रुपमा सडक निर्माण कार्य अघि बढाइएको छ । सडक गुरुयोजना अध्यावधिक कार्य अघि बढाईएको छ ।

६. गाउँपालिका भित्रै विशेषज्ञ सेवा उपलब्ध गराउने उद्देश्यले १० शैयाको आधारभूत अस्पताल आयुर्वेद औषधालयका लागि भवन निर्माण कार्य पूर्ण रूपमा सम्पन्न भई सञ्चालनमा ल्याइएको छ ।

निर्मल राना
अध्यक्ष

१

७. औषधी र खोप लगायतका स्वास्थ्य सामग्रीको आपूर्ति सहज बनाई स्वास्थ्य सेवामा नागरिक पहुँच अभिवृद्धि गरिएको छ ।

८. नागरिक संग अध्यक्ष विशेष स्वास्थ्य कार्यक्रम अन्तर्गत अभियान मार्फत नागरिकको घरदैलोमा गइ स्वास्थ्य चेकजाँच गर्ने व्यवस्था मिलाई स्वास्थ्य सेवालाई सर्वसुलभ गरिएको छ ।

९. साविक देखतभुली लगायतका क्षेत्रमा स्वास्थ्य चौकी भवन निर्माण तथा स्तरोन्नति कार्यहरू अगाडि बढाइएका छन् ।

१०. गाउँपालिकाका नागरिकलाई स्थानीय स्तरमै विशेषज्ञ सेवा दिन शङ्करपुर स्वास्थ्य चौकीमा आँखा उपचार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

११. नागरिकको सहज स्वास्थ्य सेवाको पहुँचको लागि वडा नं. ४, डाँडाजाईमा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालनमा ल्याईएको छ ।

१२. बस्ती स्तरमै उपस्थित भइ बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्य संगै ज्येष्ठ नागरिकको स्वास्थ्य चेकजाँचको व्यवस्था गरिएको छ । त्यसैको नतिजा स्वरुप लालझाडी गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा लगातार सुदूरपश्चिममै उत्कृष्ट स्थान हासिल गर्न सफल भएको छ ।

१३. गाउँपालिकाको शैक्षिक क्षेत्रलाई व्यवस्थित र गुणस्तरीय बनाउन दश वर्षिय शिक्षा क्षेत्र अध्यावधिक योजना लागू गरिएको छ।

१४. विद्यार्थीहरू टाढा जानुपर्ने बाध्यता हटाउन स्थानीय विद्यालयमै स्थानीय स्तरमै SEE केन्द्र परीक्षा केन्द्र स्थापना गरिएको छ। जेहेन्दार तथा विपन्न विद्यार्थीहरूका लागि अध्यक्ष विशेष उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिएको छ।

१५. स्थानीय पाठ्यक्रममा आधारित भई लालझाडी चिनारी कार्यपुस्तक तयार गरि लागू गरिएको छ ।

१६. शैक्षिक सुधारका लागि पूर्वाधार तर्फ विद्यालय भवन निर्माण कार्यलाई महत्व दिदै आइएको छ

१७. प्रविधिक विद्यालय संचालन आई ल्याब स्थापना तथा आवश्यक सामाग्रीको व्यवस्था गरिएको छ ।

१८. खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाई सुविधा पुऱ्याउन सौर्य सिँचाई प्रणाली र डिप/स्यालो ट्यूबवेलहरू जडान गरिएका छ । सडक बत्ती, सिँचाई तथा घरायसी प्रयोजनको लागि विद्युत लाइन विस्तार भएको छ ।

१९. आधुनिक कृषि औजार र उपकरणहरू अनुदानमा उपलब्ध गराइएको छ । बीऊ र मलखादको आपूर्ति, कृषि औजार/उपकरणहरुको उपलब्धताले मौसमी तथा बेमौसमी खाद्यबाली, फलफूल तथा तरकारीको उत्पादन बढेको छ ।

२०. कृषि उत्पादन सङ्कलन तथा बजारीकरणमा सहज पहुँचका लागि कृषि एम्बुलेन्स खरिद गरी परिचालन गरिएको छ । नागरिकको जीवनस्तरमा क्रमिक रुपमा सुधार हुदै गएको छ ।

२१. वडा नं. २ मा हाटबजार संचालनका लागि संरचना निर्माण गरि शंकरपुर बहुउद्देश्यीय सहकारी संस्थालाई संचालन तथा व्यवस्थापनको जिम्मा दिइएको छ । कोल्ड च्याम्बर निर्माण भै संचालनमा ल्याउने तयारी भएको छ ।

२२. बगर खेतीलाई प्रोत्साहन गर्न विउविजन वितरण तथा सिचाईका लागि मोटर सहित शौर्यट्रली खरिद गरी परिचालन गरिएको छ ।

२३. छाडा पशु चौपाया व्यवस्थापन तथा जंगली जीव जन्तुबाट हुने अवरोध तथा क्षति नियन्त्रण एवम् रोकथामका लागि सवै वडामा पुग्ने गरी मेसवायर जडान आयोजना कार्यान्वयन गर्नुका साथै कान्जी हाउस तथा गौशालाहरू स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

२४. मुख्य बजार तथा ग्रामीण क्षेत्रहरूमा सडक बत्ती (स्ट्रिट लाइट) जडान र विद्युत लाइन विस्तार कार्य गरिएको छ

२५. स्थानीय पर्यटन प्रवर्द्धन तथा विकासका लागि १ नं. वडा स्थीत सुख्खडघाटमा लालझाडी पार्कमा थप संरचना निर्माण गरिएको छ । कार्यविधि निर्माण भै आय ठेक्का मार्फत संचालनमा ल्याउने तयारी भएको छ । त्यसैगरि वडा नं. २ मा होमस्टे संचालनमा ल्याईएको छ ।

२६. एकल महिलाहरुलाई ईन्डक्सन चुलो वितरण गरिएको छ । बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको साझेदारीमा बिद्युतीय चुलो, सुधारिएको चुलो र गोवर ग्यास जडान कार्य भएको छ ।

लालझाडी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

निर्मल राना
अध्यक्ष

२७. दलित तथा विपन्न नागरिकका लागि सुरक्षित आवास कार्यक्रम अन्तर्गत वडा नं. ४, ५ र ६ मा जम्मा २२ वटा घर निर्माण सम्पन्न गरिएको छ ।

२८. उपाध्यक्ष विशेष सीपमूलक तालिम संचालन गरि महिलाहरुलाई आय आर्जन मूलक क्रियाकलाप तथा व्यवसाय संचालनमा समाहित गराई आत्मनिर्भर बन्न प्रोत्साहित गरिएको छ ।

२९. विपद जोखिम न्यूनीकरणका लागि विभिन्न संघसंस्थाहरूसँगको सहकार्य र समन्वयमा प्रतिकार्य योजना बनाई अघि बढेको छ ।

३०. सुरक्षित आश्रयस्थल भवन निर्माण गरी संचालनमा आएको छ । सबै वडाका २५ जनालाई विपद् स्यमंसेवक तालिम प्रदान गरिएको छ ।

३१. जग्गा कटानलाई न्यूनीकरण गर्नका दोदा नदी क्षेत्रका विभिन्न स्थानमा पक्की/जैविक तटबन्ध निर्माण गरिएको छ ।

३२. पाँच वटा वडामा जग्गा नापजाँचको कार्य सम्पन्न गरिएको छ । साथै बाँकी नाप जाँचको कार्य सुचारु गर्ने तयारी भएको छ ।

३३. एनवास एप्लिकेसन मार्फत डाटा संकलन गरी वास योजना निर्माण कार्य अघि बढेको छ ।

३४. गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण गरी विभिन्न तथ्याङ्कहरु अध्यावधिक गरिएको छ ।

३५. लालझाडी गाउँपालिका क्षेत्र भित्र रहेको अनाथ/टुहुरा बालबालिकाहरुलाई सामाजिक सुरक्षामा आवद्ध गरिएको छ ।

३६. पहिचान शिविर संचालन गरी अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न सहायक सामाग्री वितरण गरिएको छ ।

३७. न्यायिक समिति र न्यायिक मेलमिलापकर्ताको न्यायिक दक्षता अनुभव तथा सिकाईका लागि तालिम प्रदान गराईएको छ ।

३८. युवा स्वरोजगारका लागि Digital Marketing सम्बन्धी तालिम AC फ्रिज मर्मत तालिम लगायत विभिन्न सीपमूलक कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

३९. जनप्रतिनिधि तथा कर्मचारीको कार्य सम्पादनमा सुधार, आपसी सम्बन्ध सुदृढ बनाउन वरिष्ठ संविधान विद्, प्रशासन विज्ञ मार्फत क्षमता विकास कार्यक्रम सम्पन्न गरिएको छ ।

४०. जनप्रतिनिधि र नागरिक बीच प्रतक्ष्य सम्पर्क बढाउन, सुशासन पारदर्शीता तथा जवाफदेहिता अभिवृद्धि गर्न, जनसहभिता र नागरिक पहुँच अभिबृद्धि गर्न, नागरिकका समस्या गुनासा सुझाव र माग संकलन गरी सम्बोधन गर्न **जनतासँग जनप्रतिनिधि कार्यक्रम** संचालनमा ल्याईएको छ ।

**सभाका सदस्यज्यूहरू,**

विगतमा कार्यान्वयन गरिएका वार्षिक नीति तथा कार्यक्रमहरूको समीक्षा, प्राप्त उपलब्धि, सिकाइ तथा कार्यानुभवका आधारमा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। प्रस्तुत नीति तथा कार्यक्रमले गाउँपालिकाको समग्र विकास, सुशासन, सामाजिक न्याय, आर्थिक समृद्धि, वातावरणीय दिगोपना तथा गुणस्तरीय सेवा प्रवाहलाई केन्द्रबिन्दुमा राखेको छ।

अब म गाउँ कार्यपालिकाबाट स्वीकृत भई यस सभामा प्रस्तुत भएको आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत नीति तथा कार्यक्रम सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु ।

लालझाडी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

निर्मल राना
अध्यक्ष

## १. आर्थिक विकास

### १.१. कृषि विकास तथा पशु सेवा

(१) कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न यान्त्रिक सिँचाइ, गुणस्तरीय मल, बीउबिजन, कृषि औजार तथा उपकरणको उपलब्धता सुनिश्चित गरिनेछ। यसका लागि सहकारी संस्था तथा सम्बन्धित सरकारी निकायहरूसँग समन्वय गरी आवश्यक पहल गरिनेछ।

(२) व्यावसायिक कृषि, पशुपन्छी तथा मत्स्य पालनलाई प्रवर्द्धन गर्न उत्पादनमा आधारित प्रोत्साहन, अनुदान तथा कृषि एम्बुलेन्स सेवासहितका कार्यक्रम सञ्चालन गरिनेछ।

(३) बाँझो तथा खाली जमिनको उत्पादनमूलक उपयोगका लागि बहुउपयोगी तथा बहुमूल्य वृक्षारोपण, नगदेबाली, बगर खेती, सामूहिक तथा सहकारी खेती प्रणालीलाई प्रवर्द्धन गरिनेछ।

(४) स्थानीय कृषि उपजको उत्पादन, प्रशोधन, ब्रान्डिङ तथा बजारीकरणलाई प्रवर्द्धन गरिनेछ। विशेष गरी "लालझाडीका केरा" लगायत स्थानीय उत्पादनको मूल्य अभिवृद्धि र बजार विस्तारमा जोड दिइनेछ।

(५) कृषि उपजको निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन तथा खाद्य एवं पोषण सुरक्षालाई सुदृढ गर्न कृषि, पशुपन्छी तथा मत्स्य विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

(६) रासायनिक विषादीको प्रयोग न्यूनीकरण गर्दै जैविक तथा प्राङ्गारिक खेती प्रणाली, कृषिबाली रोग तथा कीरा व्यवस्थापन, एकीकृत शत्रुजीव व्यवस्थापन (आई.पी.एम.) कृषक पाठशालालगायत कार्यक्रम सञ्चालन गरिनेछ।

(७) स्थानीय स्तरमा बीउ, बेर्ना, बिरुवा उत्पादन, नमुना नर्सरी स्थापना तथा बहुवर्षीय घाँस खेती विस्तार गरी कृषकलाई कृषि सामग्रीमा आत्मनिर्भर बनाइनेछ।

(८) पशुधनको नश्ल सुधार, कृत्रिम गर्भाधान सेवा विस्तार, पशु स्वास्थ्य शिविर सञ्चालन, रोग तथा परजीवी नियन्त्रण र पशु बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

(९) दुग्धजन्य तथा मासुजन्य उत्पादन अभिवृद्धि गरी आत्मनिर्भरता हासिल गर्न तथा स्थानीय जातका कुखुरा लगायत रैथाने पशुपन्छी प्रजातिको संरक्षण र व्यावसायिक प्रवर्द्धन गरिनेछ।

(१०) खुला चरिचरन, छाडा चौपाया तथा जंगली जनावरबाट कृषि क्षेत्रमा हुने क्षति न्यूनीकरणका लागि प्रभावकारी व्यवस्थापन तथा नियन्त्रणका उपाय अवलम्बन गरिनेछ।

(११) कृषि पेशालाई सम्मानित, आकर्षक र मर्यादित पेशाका रूपमा विकास गर्न उत्कृष्ट कृषक सम्मान लगायत उत्प्रेरणामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

### १.२. सहकारी

(१२) गाउँपालिका र प्रदेश क्षेत्राधिकार भित्र रहेका २४ वटा सहकारीलाई लक्षित गरी सहकारी व्यवस्थापन, लेखा व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। सबै सहकारीलाई कोपोमिस COPOMIS प्रणालीमा आवद्ध गराईनेछ।

### १.३. उद्योग तथा वाणिज्य

(१३) उद्यमशीलता प्रवर्द्धन तथा स्वरोजगार विकासका लागि उत्कृष्ट उद्यमी तथा व्यवसायी छनोट गरी सम्मान तथा प्रोत्साहन गरिनेछ।

(१४) स्थानीय स्रोत, सीप र सम्भावनामा आधारित "एक वडा, एक विशेष उद्योग" अवधारणालाई कार्यान्वयन गर्दै वडा विशेष उद्योग प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

(१५) उद्यमी, व्यवसायी तथा कृषकद्वारा उत्पादित वस्तु तथा सेवाको बजारीकरण प्रवर्द्धन गर्न मेला, प्रदर्शनी तथा हाटबजार सञ्चालन गरिनेछ।

(१६) उद्यमी तथा व्यवसायीहरूको ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि अध्ययन अवलोकन, अनुभव आदानप्रदान तथा औद्योगिक क्षेत्रसँग सहकार्यका कार्यक्रम सञ्चालन गरिनेछ।

(१७) नवप्रवर्तन, सिर्जनशीलता तथा उद्यमशीलतालाई प्रोत्साहन गर्न स्थानीय स्तरमा उद्योग तथा व्यवसाय सञ्चालन गर्न इच्छुक युवाहरूबीच प्रतिस्पर्धात्मक प्रस्ताव आह्वान गरी उत्कृष्ट प्रस्ताव छनोट भएका युवाहरूलाई व्यवसाय प्रारम्भ (स्टार्टअप) अनुदान उपलब्ध गराइनेछ।

### १.४. पर्यटन क्षेत्र

(१८) कला र साँस्कृतिक तथा पर्यटकीय स्थलको संरक्षण कार्यक्रम अन्तर्गत लालझाडी (सुखड) पार्क, इटाहावावा मन्दिर, गडबिजुला ताल, अपि सामुदायिक बन क्षेत्रमा पर्यटन पुर्वाधारको विकास गरिनेछ।

(१९) गाउँपालिका क्षेत्र भित्र वसोबास युक्त घरहरु लाई होमस्टेको रुपमा विकास गरि संचालनमा ल्याइनेछ ।

(२०) लालझाडी पार्क व्यवस्थापन तथा संचालन गर्न थप पूर्वाधार विकास सहित नीतिगत एवम् कार्यगत व्यवस्था गरिनेछ ।

### १.५. श्रम तथा रोजगार

(२१) आर्थिक विकास तथा रोजगारी प्रवर्द्धनका लागि लालझाडी रोजगार रणनीतिले पहिचान गरेका कार्यक्रम तथा क्रियाकलापहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

(२२) श्रमप्रतिको सकारात्मक सोच विकास गर्न तथा श्रमको सम्मानलाई प्रवर्द्धन गर्न "श्रमको सम्मान, राष्ट्रको अभियान" कार्यक्रम सञ्चालन गरिनेछ।

(२३) गाउँपालिकाभित्र रहेका सीपयुक्त जनशक्तिको अभिलेखीकरण गरी सीप बैंक स्थापना तथा व्यवस्थापन गरिनेछ। साथै श्रम बजारको मागअनुसार दक्ष तथा रोजगारमुखी जनशक्ति उत्पादन गर्न सीप विकास तथा रोजगार प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

(२४) वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सुरक्षित आप्रवासनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

(२५) औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिक, स्वरोजगार व्यक्ति र रोजगारदाताहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न अभिमुखीकरण, सहजीकरण तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।

## २. सामाजिक विकास

### २.१. स्वास्थ्य तथा सरसफाइ

(२६) पुर्ण संस्थागत सुत्केरी सेवा, पुर्ण खोप सुनिश्चिता, दिगोपना, पुर्ण सरसफाइ, शोरकिशोरीमैत्री, पोषणमैत्री स्वास्थ्य संस्था हुदै वडा घोषणा गरिनेछ।

(२७) ७५ बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरु, क र ख वर्गका अपाङ्गहरु र सुत्केरी आमाहरुलाई प्रदेश भरी आपतकालिन र आकस्मिक रुपमा निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ।

(२८) निशुल्क स्वास्थ्य विमा सम्बन्धी मापदण्ड बनाई उक्त मापदण्ड बमोजिम छनौट भएका अपाङ्गता भएका व्यक्तिहरु, अति बिपन्न र दिर्घरोगीहरुका लागि निशुल्क स्वास्थ्य बीमा गरिनेछ।

(२९) स्वस्थ जिवनशैली, शारिरिक ब्यायाम, योग अभ्यास, पञ्चकर्म लगायत जनस्वास्थ्य सेवाको प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।

(३०) गाउँपालिका उपाध्यक्ष विशेष प्रसुति अवस्थाको स्याहार,सरसफाइ तथा पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ।

(३१) "घरदैलोमा गुस्तरीय स्वास्थ्य सेवा, स्वस्थ गाउँवासी निर्माणमा हाम्रो टेवा" अभियान मार्फत जेष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकहरुलाई स्वास्थ्यमा सर्वब्यापी पहुँच बनाउन लागि नागरिकसंग गाउँपालिका अध्यक्ष स्वास्थ्य विशेष कार्यक्रम लाई निरन्तरता दिइनेछ।

(३२) जलवायु परिवर्तन, महामारी नियन्त्रण, बिपद व्यवस्थापन तथा आपतकालिन स्वास्थ्य अवस्थाको पुर्वतयारी तथा प्रतिकार्यको लागि एकिकृत उपायहरुको अवलम्बन गर्दै जनस्वास्थ्य निगरानीलाई सुदृढ गरिनेछ।

(३३) नन्दगाउँमा निर्माण सम्पन्न भएको १० शैया आधारभूत अस्पताल सञ्चालनको लागि स्वास्थ्य सामाग्री, मेडिकल औजार उपकरणको व्यवस्थापन गरिनेछ।

(३४) थारु तथा रानाथारु समुदायमा देखापर्ने सिकलसेल एनिमिया तथा थालेसेमियाको परीक्षण, उपचार र ब्यवस्थापनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

(३५) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरु लाई क्षमता अभिबृद्धि, प्रोत्साहनमुलक कार्यक्रम ल्याइनेछ र ६० वर्ष उमेर पुरा भएका म.स्वा.स्वं.से.हरु लाई नगद सहित स-सम्मान बिदाई कार्यक्रम लाई निरन्तरता दिईनेछ।

(३६) क्षयरोग मुक्त अभियान अन्तर्गत क्षयरोग मुक्त पालिका घोषणाका कार्यक्रमहरु लाई निरन्तरता दिईनेछ।

(३७) पालिका स्तरीय विशेषज्ञ स्वास्थ्य शिविर, स्क्रिनिङ शिबिर तथा आँखा स्वास्थ्य शिबिर सञ्चालन गर्न प्राथमिकता दिईनेछ।

(३८) गाउँपालिकामा एक सब वाहन खरिद गरी निशुल्क सब बाहन सेवा सञ्चालन गरिनेछ।

### २.२. शिक्षा युवा तथा खेलकुद

(३९) गुणस्तरीय, समावेशी तथा पहुँचयोग्य शिक्षाको सुनिश्चितताका लागि सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि, विद्यालय व्यवस्थापन सुदृढीकरण तथा शिक्षा सुधारसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।



निर्मल राना
अध्यक्ष

(४०) अध्यक्ष विशेष छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिँदै उच्च शिक्षा, प्राविधिक शिक्षातर्फ अध्ययनरत विद्यार्थी, असहाय, अनाथ, विपन्न तथा जेहेन्दार बालबालिकाका लागि छात्रवृत्ति तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

(४१) विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकासलाई निरन्तरता दिँदै शुद्ध खानेपानी, बालमैत्री तथा अपाङ्गतामैत्री शौचालय, खेलमैदान, खेल सामग्री, विद्यालय बगैँचा, विद्युतीय पुस्तकालय, कम्प्युटर तथा विज्ञान प्रयोगशालाको स्थापना तथा स्तरोन्नति गरिनेछ।

(४२) शिक्षक, विद्यालय कर्मचारी, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरूको क्षमता अभिवृद्धि गर्दै विद्यालय तहको आन्तरिक मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

(४३) विद्यालय छोड्ने तथा विद्यालयबाहिर रहेका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याई विद्यालयमा टिकाइराख्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। साथै माध्यमिक शिक्षा परीक्षा (SEE) को नतिजा सुधारका लागि नतिजामा आधारित प्रोत्साहनमूलक कार्यक्रम लागू गरिनेछ ।

(४४) प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारका लागि सरस्वती माध्यमिक विद्यालयमा कृषि प्राविधिक शिक्षा सञ्चालन गर्न आवश्यक पहल गरिनुका साथै संघसंस्था तथा सरोकारवालासँगको सहकार्यमा हरित बाल उद्यान लगायत नवप्रवर्तनशील शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।

(४५) गाउँपालिकामा मार्शल आर्ट, भलिवल, फुटवल, क्रिकेट, बक्सिङ्ग लगायतका खेलकुदको विकासका लागि खेलकुद प्रशिक्षकको व्यवस्था गरी खेलाडीका लागि प्रशिक्षणको व्यवस्था गरिनेछ र उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ ।

**२.३. लैगिंक समानता र सामाजिक समावेशिकरण**

(४६) ज्येष्ठ नागरिकहरूको सम्मान, संरक्षण तथा सक्रिय सहभागिता अभिवृद्धि गर्न ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै उहाँहरूको ज्ञान, सीप, अनुभव तथा जीवनदर्शनलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

(४७) उपाध्यक्ष विशेष सीप विकास कार्यक्रमलाई निरन्तरता दिँदै महिला, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गको क्षमता अभिवृद्धि, आत्मनिर्भरता र आयआर्जनका कार्यक्रम सञ्चालन गरिनेछ।

(४८) महिला अधिकार, लैङ्गिक समानता, महिला सशक्तीकरण तथा नेतृत्व विकास प्रवर्द्धन गर्न विशेष गरी विपन्न, दलित तथा एकल महिलालाई लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। साथै एकल महिलाहरूको सञ्जाल गठन तथा सुदृढीकरण गरिनेछ।

(४९) बाल अधिकारको संरक्षण, सम्वर्द्धन तथा बालमैत्री वातावरण निर्माणका लागि स्थानीय बालबालिका नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ। अनाथ तथा संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ र कम्तीमा एक वडालाई बालमैत्री स्थानीय शासन वडा घोषणा गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

(५०) दृष्टिविहीन तथा न्यून दृष्टि भएका उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूलाई शैक्षिक सामग्री उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

निर्मल राना
अध्यक्ष

(५१) घरेलु हिंसा, बालविवाह, जातीय विभेद, छुवाछुत, छाउपडी लगायतका सामाजिक कुरीति, कुप्रथा तथा विभेदजन्य अभ्यासको अन्त्यका लागि विशेष जनचेतनामूलक तथा सामाजिक रूपान्तरण अभियान सञ्चालन गरिनेछ।

(५२) बालविवाहविरुद्धको स्थानीय रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

(५३) दलित समुदायका परम्परागत सीप, पेशा तथा व्यवसायको संरक्षण, आधुनिकीकरण र व्यावसायीकरणका लागि प्रविधि हस्तान्तरण, सीप विकास तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।

(५४) लागू पदार्थ दुर्व्यसन नियन्त्रण तथा न्यूनीकरणका लागि विद्यालय, समुदाय र रोकारवालासँगको सहकार्यमा सचेतना, रोकथाम तथा पुनःस्थापनामुखी कार्यक्रम सञ्चालन गरिनेछ।

### २.४. कला तथा सँस्कृति प्रवर्द्धन

(५५) एक वडा एक संस्कृति विशेष कार्यक्रमलाई निरंतरता दिईनेछ ।

(५६) स्थानीय जात्रा तथा साँस्कृतिक पर्वका लागि प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

### २.५. खानेपानी तथा सरसफाइ स्वच्छता

(५७) उपभोक्ताहरुसँगको साझेदारीमा गाउँपालिका क्षेत्रमा शुद्ध खानेपानी सेवाको बिस्तार गर्न एक घर एक धारा जडान कार्यलाई निरंतरता दिइने छ।गाउँपालिकाले छनौट गरेका अति गरिव तथा विपन्न समुदायका लागि निशुल्क खानेपानी जडान गरिनेछ।

(५८) बिद्युतिय प्रणालीमा आधारित खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयार गरिनेछ।

### २.६. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता सुदृढीकरण

(५९) सामाजिक सुरक्षा भत्ता वितरणलाई बैंकिङ्ग प्रणालीद्वारा व्यवस्थित गरिनेछ।

(६०) व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

(६१) सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता र नागरिकता तथा राष्ट्रिय परिचय पत्र सम्बन्धी समुदायमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

## ३. पूर्वाधार विकास

### ३.१. सडक, पुल तथा भवन

(६२) गाउँपालिकाको प्रशासकीय भवन यसै आर्थिक बर्षमा निर्माण कार्य सम्पन्न गरिनेछ।

(६३) अध्यक्ष विशेष पूर्वाधार कार्यक्रममार्फत सडक, सडकबत्ती, विपद् व्यवस्थापन तथा अन्य सार्वजनिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

(६४) सुरक्षित आवाससम्बन्धी नीति तर्जुमा गरी मुक्त कमैया, हलिया, कमलरी, विपन्न तथा आवासविहीन नागरिकका लागि संघ, प्रदेश तथा विकास साझेदारसँगको सहकार्यमा सुरक्षित आवास कार्यक्रम सञ्चालन गरिनेछ।

(६५) वडा नं. २ को निर्माणाधीन चक्रपथलाई सम्पन्न गरिनेछ तथा वडा नं. ५ मा नयाँ चक्रपथ निर्माण कार्य प्रारम्भ गरिनेछ। गाउँपालिकाभित्रका सडकहरूको स्तरोन्नति, विस्तार, नियमित मर्मतसम्भार तथा नाली व्यवस्थापनलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

गाउँकार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

अध्यक्ष

(६६) गाउँपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयसम्म सहज पहुँच सुनिश्चित गर्न सडक सञ्जाल विस्तार तथा स्तरोन्नति गरिनेछ। साथै क्रमिक रूपमा सार्वजनिक यातायात सेवा सञ्चालनका लागि आवश्यक पहल गरिनेछ।

(६७) संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा साना सिँचाइ आयोजना सञ्चालन गरिनेछ तथा कृषि उत्पादन वृद्धि र जलस्रोतको दिगो उपयोगमा जोड दिइनेछ।

(६८) सडक निर्माण तथा पूर्वाधार विकाससँगै हरित पूर्वाधारको अवधारणालाई प्रवर्द्धन गर्दै सडक किनारमा वृक्षारोपण, संरक्षण तथा व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ।

(६९) स्थानीय भवन आचारसंहिता निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

(७०) नदी तथा खोलाबाट हुने कटान नियन्त्रणका लागि स्थायी तटबन्ध निर्माणमा संघ, प्रदेश तथा विकास साझेदारसँग आवश्यक समन्वय र पहल गरिनेछ। आकस्मिक कटान नियन्त्रणका लागि जैविक तटबन्धलाई प्राथमिकता दिइनेछ ।

(७१) निर्मित पूर्वाधारहरूको नियमित मर्मतसम्भारका लागि मर्मतसम्भार कोषलाई निरन्तरता दिइनेछ।

### ३.२. उर्जा

(७२) बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको साझेदारीमा सञ्चालित बिद्युति चुलो सुधारिएको चुलो र गोवर ग्यास जडान कार्यक्रमलाई निरंतरता दिईनेछ।

(७३) गाउँपालिका भित्र विद्युतीय एवं सौर्य उर्जामा आधारित आधुनिक सिचाई प्रविधिको विस्तार गरिनेछ ।

(७४) बैकल्पिक उर्जाको रुपमा रहेको सडक सौर्य बत्ती जडान कार्यलाई निरन्तरता दिईनेछ ।

(७५) बैकल्पिक तथा नबीकरणीय उर्जाको रुपमा रहेको सडक सौर्य बत्ती प्रत्येक टोलमा जडान गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन

### ४.१. भू-उपयोग

(७६) विगतका बाकी रहेका भूमि कार्यहरुलाई अगाडी बढाउन जग्गाको नापजाँच, जग्गाधनी प्रमाण पत्र वितरण कार्यलाई तीब्रता दिईनेछ ।

(७७) गाउँपालिकाले गरेको बिद्यमान जग्गाको वर्गीकरणलाई पुनरावलोकन गरी अध्यावधिक गरिनेछ।

### ४.२. वन तथा वातावरण

(७८) वन कार्यालय, सामुदायिक वन तथा सम्बन्धित निकायसँगको समन्वयमा वृक्षारोपण, वन विविधीकरण तथा बहुउपयोगी वन व्यवस्थापनका कार्यक्रम सञ्चालन गरी जैविक विविधता संरक्षण तथा वातावरणीय सन्तुलन कायम गरिनेछ।

(७९) सामुदायिक वनको दिगो व्यवस्थापन र संरक्षणका लागि वन उपभोक्ता समिति तथा उपभोक्ताहरूको क्षमता अभिवृद्धि गरिनेछ।

(८०) सामुदायिक वन क्षेत्रभित्र जलस्रोत संरक्षण तथा भू पुनर्भरण (रिचार्ज) का लागि पोखरी निर्माण गरिनेछ।

निर्मल राना
अध्यक्ष

(८१) अन्तरस्थानीय तहको समन्वय र सहकार्यमा डम्पिङ साइट स्थापना तथा सञ्चालन गरी फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित, प्रभावकारी र वातावरणमैत्री बनाइनेछ।

(८२) नदीजन्य पदार्थको उत्खनन, संकलन तथा व्यवस्थापन गर्दा वातावरणीय अध्ययन तथा वातावरण संरक्षणसम्बन्धी कानुनी प्रावधानहरूको पूर्ण पालना गरिनेछ।

(८३) स्थानीय स्रोतमा आधारित दुना टपरी लगायत वातावरणमैत्री सामग्रीको उत्पादन, प्रयोग र बजारीकरणलाई प्रवर्द्धन गर्दै प्लास्टिकजन्य सामग्रीको प्रयोगलाई निरुत्साहित गरिनेछ।

### ४.३. विपद व्यवस्थापन

(८४) वडा नं. ५ र ६ का सामुदायिक वन तथा निकुञ्ज क्षेत्रको संरक्षणका लागि मेस जाली जडान गरिनेछ। साथै मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि आवश्यक प्रविधि तथा संरक्षणका उपायहरू अवलम्बन गरिनेछ।

(८५) दोदा नदी किनारमा निर्माणाधीन तटबन्धन कार्यलाई निरन्तरता दिइनेछ।

(८६) जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका लागि पारिस्थितिकीय प्रणालीमा आधारित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(८७) वडा नं. १ र ५ मा सञ्चालित गौशाला तथा काञ्जीहाउसहरूको प्रभावकारी व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ।

(८८) स्थानीय विपद् व्यवस्थापन समितिलाई सुदृढ र क्रियाशील बनाइनेछ। विपद् पूर्वतयारी, खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन सरोकारवाला निकायसँगको समन्वयमा तालिम, अभ्यास तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

(८९) सामुदायिक विपद् स्वयंसेवकहरूको क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ।

(९०) गाउँपालिकाभित्रका विपद् जोखिमयुक्त क्षेत्रहरूको पहिचान, सुरक्षित स्थानको निर्धारण, खुला सुरक्षित क्षेत्र घोषणा तथा अभिलेखीकरण गरिनेछ।

(९१) विपद् व्यवस्थापनलाई सूचना प्रणालीमा आबद्ध गरी पूर्वसूचना, सूचना व्यवस्थापन तथा प्रतिकार्य प्रणालीलाई सुदृढ बनाइनेछ।

(९२) नागरिकहरूको सामाजिक तथा आर्थिक जोखिम न्यूनीकरणका लागि प्रत्येक घरमूलीलाई समेट्ने गरी म्यादी जीवन बीमा कार्यक्रम सञ्चालन गरिनेछ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह

### ५.१. सुशासन सेवा प्रवाह तथा मानव संसाधन विकास

(९३) गाउँपालिका तथा मातहतका कार्यालय र विद्यालयको प्रशासनिक तथा व्यवस्थापकीय कार्यलाई प्रभावकारी बनाउन बिद्युतीय सुशासन प्रणाली (E-Governance) विकास गरी लागू गरिनेछ।

निर्मल राना
अध्यक्ष

(९४) नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गर्न हेल्प डेस्क, गुनासो पेटिका, नागरिक वडापत्र, सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षण जस्ता जवाफदेहिता उपकरणहरूको प्रभावकारी प्रयोग गरिनेछ।

(९५) आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्दै सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाइनेछ। साथै नागरिक सन्तुष्टि सर्वेक्षणका आधारमा सेवा सुधार गरिनेछ।

(९६) कार्यसम्पादन सम्झौता तथा स्पष्ट कार्यविवरणका आधारमा कर्मचारीहरूलाई जिम्मेवार बनाइनेछ। कार्यसम्पादन मूल्यांकनका आधारमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिनेछ।

(९७) करको दायरा विस्तार गर्दै करदातालाई प्रोत्साहित गर्न कर शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

(९८) संघ तथा प्रदेश सरकारको मापदण्डअनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) प्रतिवेदन अद्यावधिक गरी आवश्यक संस्थागत सुधार गरिनेछ।

(९९) सार्वजनिक खरिद प्रणालीलाई पारदर्शी र प्रभावकारी बनाउन खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गरी जिन्सी व्यवस्थापनलाई व्यवस्थित गरिनेछ।

(१००) ऐन, नियमावली तथा कार्यविधिहरूको समसामयिक पुनरावलोकन गरी आवश्यक नयाँ कानुनी संरचना निर्माण गरिनेछ।

(१०१) सबै वडामा टोल विकास संस्थाको क्षमता विकास गरी स्थानीय विकास प्रक्रियामा सक्रिय रूपमा परिचालन गरिनेछ।

**५.२. सूचना तथा सञ्चार प्रविधि**

(१०२) सूचना तथा सञ्चार प्रविधिमैत्री पालिका निर्माणका लागि पालिका स्तरीय सूचना प्रविधि सम्बन्धी कार्यक्रम तथा क्षमता विकासका क्रियाकलापहरू सञ्चालन गरिनेछ।

(१०३) भरपर्दो, सुरक्षित, दिगो तथा पहुँचयोग्य आधुनिक सूचना प्रविधिको विकास, विस्तार र उपयोगका लागि डिजिटल गभर्नेन्स (Digital Governance) प्रणाली लागू गरिनेछ।

(१०४) गाउँपालिकाको आधिकारिक वेबसाइट तथा सामाजिक सञ्जालमार्फत सूचना प्रवाहलाई पारदर्शी, नियमित र प्रभावकारी बनाइनेछ।

(१०५) गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा एकीकृत ई–हाजिरी प्रणाली लागू गरी उपस्थिति व्यवस्थापनलाई डिजिटल तथा व्यवस्थित बनाइनेछ।

**५.३. सुरक्षा व्यवस्थापन**

(१०६) गाउँपालिकाका मुख्य चोक, सडक तथा सार्वजनिक स्थलहरूमा सुरक्षाका लागि सिसी क्यामेरा जडान गरी निगरानी प्रणाली सुदृढ गरिनेछ।

(१०७) गाउँपालिका भित्र आपराधिक गतिविधि नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्न प्रहरी प्रशासन तथा सुरक्षा निकायको निगरानी बढाउन पहल गरिनेछ ।

(१०८) शान्ति सुरक्षा अमन चयन कायम गर्न प्रहरी प्रशासन तथा सुरक्षा निकायसँग सहकार्य गरिनेछ ।

निर्मल/राना
अध्यक्ष

### ५.३. न्याय सम्पादन तथा मेलमिलाप

(१०९) न्यायमा पहुँच अभिवृद्धि गर्न विवादको डिजिटल अभिलेख व्यवस्थापन प्रणाली लागू गरिनेछ। साथै न्यायिक समिति, सामुदायिक मेलमिलापकर्ता तथा वडघर/भलमन्सा लगायत सामुदायिक न्यायिक संरचनाहरूको क्षमता विकास गरिनेछ।

(११०) न्यायिक समितिबाट हुने निर्णय प्रक्रियालाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाइनेछ।

(१११) सामुदायिक मेलमिलाप पद्धतिलाई सुदृढ गर्दै न्यायिक समितिमा दर्ता भएका उजुरीहरूलाई मेलमिलापकर्ताको परिचालनमार्फत समुदाय स्तरमै समाधान गरिनेछ।

### ५.४. वित्तिय व्यवस्थापन र सुशासन

(११२) आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्दै सार्वजनिक खर्च प्रणालीलाई पारदर्शी, मितव्ययी, उत्तरदायी तथा वस्तुनिष्ठ बनाउन आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

(११३) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, प्रचलित खरिद ऐन तथा नियमहरूको पूर्ण पालना सुनिश्चित गरिनेछ।

(११४) वित्तीय व्यवस्थापन प्रणालीलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउँदै आर्थिक क्रियाकलापहरूको मासिक, चौमासिक तथा वार्षिक विवरण सूचना पाटी तथा आधिकारिक वेबसाइटमार्फत सार्वजनिक गरिनेछ।

(११५) सेवा प्रवाह तथा विकास निर्माणमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सरोकारवालाको सहभागितामा नियमित सार्वजनिक सुनुवाइ तथा गुनासो व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

(११६) बेरुजु न्यूनीकरण अभियान सञ्चालन गर्दै बेरुजुहरूको नियमित अभिलेख, अनुगमन तथा समयमै फछ्र्यौट गर्ने प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

### ५.५. राजश्व संकलन तथा परिचालन

(११७) राजस्वका दर तथा दायरामा समसामयिक पुनरावलोकन गरी नयाँ आन्तरिक राजस्वका स्रोतहरूको पहिचान गरिनेछ। साथै आन्तरिक स्रोत संकलनलाई वैज्ञानिक, प्रभावकारी र पारदर्शी बनाउँदै सार्वजनिक खर्चको दक्षता अभिवृद्धि गरिनेछ।

(११८) आन्तरिक राजस्व संकलनलाई सुदृढ बनाउन राजस्व प्रशासनलाई चुस्त, दुरुस्त तथा करदाता मैत्री बनाउने नीति अवलम्बन गरिनेछ।

(११९) स्थानीय करको दायरा विस्तार गर्दै विशेष गरी विज्ञापन करलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

(१२०) राजस्व व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्दै अनलाइन कर भुक्तानी प्रणाली लागू गरिनेछ, जसबाट करदाताले कर तिर्न र जानकारी प्राप्त गर्न सक्ने व्यवस्था सुनिश्चित गरिनेछ।

अन्त्यमा, 'सन्तुलित विकास एवं दिगो पूर्वाधार, समृद्ध लालझाडीको आधार" भन्ने मूल अभिप्रायका साथ तर्जुमा गरिएको आ.व. २०८३/०८४ को यस नीति तथा कार्यक्रमको सफल र प्रभावकारी कार्यान्वयनका लागि सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, जनप्रतिनिधि, कर्मचारी तथा आम नागरिकहरूको सक्रिय साथ, सहयोग र समन्वय रहने अपेक्षा गर्दछु।